आर्थिक वर्ष २०८१।०८२ को बार्षिक वजेट तथा कार्यक्रम

यस सभाका सदस्यज्यूरुहरु,

स्थानीय तहको स्थापना सँगै यस नौबहिनी गाउँपालिकामा हामी जनप्रतिनिधि आइसकेपछि प्रत्यक्ष जन सरोकारका कामको थालनी गरेको विषय यहाँहरुलाई अवगत नै छ ।

प्यूठान जिल्लाको उत्तरी भेगमा पर्ने नौबहिनी विकासको दृष्टिकोणले अति पछि परेको पालिका हो। हामी शिक्षामा गाउँपालिका अनुदानबाट मा वि ८, नि मा वि ९, प्रा वि ३८ र बालविकास ९ जना गरी जम्मा ६५ जना शिक्षक अनुदान दरवन्दी गाउँपालिकाबाट प्रदान गरी सामुदियक विधालयको गुणस्तर वृद्धि गर्ने पहल गरिनै रहेका छौ । नौबहिनी गाउँपालिकालाई आत्मनिर्भर बनाउने उदेश्यले व्यवसायिक किसान लाई प्रमोट गर्न विभिन्न प्रकारका अनुदानका कार्यक्रम गर्दै आएका छौ। गाउँपालिका तथा वडा कार्यालयबाट सञ्चालन हुने कामकाजलाई सहज एवं सुविधायुक्त बनाउनको लागि गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भइ सेवा प्रवाह भइरहेको छ भने अव २ वटा वडा कार्यालय भवन सम्पन्न गर्न बाँकी छ। यहाँ प्राकृतिक शौन्दर्यताले मनोहर एवं प्रचार प्रसारको अभावको कारणले लुकेका स्थानलाई पर्यटन प्रवर्धन गर्ने उदेश्यका साथ विकासका क्रम अगाडी बढाएका छौ। यहाँ रहेको सबैभन्दा अग्लो हिमाल कोठिभिर, सबैभन्दा सुन्दर र गहिरो कटबराह दह, माक्रे मन्दिर, गुफा, झुलेनी, मालारानी गुफा, ऐतिहासिक त्रिकुटा कैलास जस्ता सुन्दर वस्तुहरु देख्न र देखाउन त्यहाँसम्म पुग्नको लागि सडक सञ्चालको व्यवस्था भएको छ ।

विगतका वर्षहरुमा भएका कमीकमजोरीलाई सुधार गर्दै आगामी दिनमा नविन तरीकाबाट विकास गर्दै जाने नीति लिएका छौ। अब जनताले दुःख पाउनु नपर्ने वातारण सिर्जना गर्न स्थानीय सरकार लागि परेको छ । सेवाग्राही पनि आफ्ना सबै समस्या स्थानीय सरकार समक्ष ल्याएर आउने पहुँचमा रहेको हुदा हामी हर्सित भएका छौ।**शुसासन, पारदर्शिता र जवाफदेहितालाई यो सरकारले उच्च महत्व दिदै अगाडी बढेको छ ।**

अव म यस अबधि सम्म भएका मुख्य मुख्य उपलब्धिहरुलाई बुदाँगत रुपमा यस प्रकार उल्लेख गर्न चाहान्छु

१. प्रशासकीय भवनको  निर्माण कार्य सम्पन्न संचालनमा रहेको छ ।

२. एम्बुलेन्स खरिद भइ गत असार ३१ गतेबाट सेवा दिदै आइरहेको छ ।

३.बहाने बजार नजिकै बहाने लुङ तुसारा जोड्ने र बहाने लिघा फागुने पोखरी खण्डको ६१८ मिटर मोबा कालोपत्रे भएको छ ।

४.पालिकाको ५ बर्षे आवधिक योजना, क्षमता विकास योजना, तथा मध्यमकालिन संरचना निर्माण भइ कार्यान्वयनमा आएका छन्।

६.नौबहिनी गाउँपालिका लाई पूर्ण खोप सुनिश्चिता घोषणा भएको छ ।

६.सुशासन प्रवद्धन र सेवा प्रवाहको प्रभावकारीताको लागी पालिका, सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सम्पूर्ण मावि तहका विधालयमा इहाजिरी प्रविधिको विस्तार भएको छ ।

७. किसान संग गाउँसरकार संचालन कार्यविधि तयार भइ उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन हुदै आएका छन् ।यो वर्ष माटे रोगको उपचार गर्न माटे परीक्षण उपकरण संचालनमा आएको छ ।विभिन्न अनुदान मार्फत जना कृषक आत्मनिर्भर भएका छन् ।नश्ल सुधारको लागी १३ वटा वोयर बोका वितरण गरिएको छ ।त्यस्तै भेण्डा टोल विसकास संस्थाले यो वर्ष हालसम्म १३ सय केजी चौमासे सिमी निर्यात गरेको छ । यो आवको अन्तिम सम्म यो परिणाम ६००० केजी पुग्ने अनुमान छ ।

८. भुक्तानी प्रणालीलाई पूर्णरुपमा EFT मा आधारित बनाइएको छ ।

९. ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई निशुल्क रुपमा आखाको उपचारको व्यवस्था गरिएको छ ।जसबाट यो  आवमा हालसम्म १३० जनाको औषधी उपचार र २५ जनाले मोतिविन्दुका विरामी लाभान्वित भएका छन् ।साथै ग्रामिड स्तरमा भिडियो एक्सरे

सेवाबाट ४०० जना गर्भवती लाभन्वित भएका छन् ।गत वर्ष ३७६ जना संस्थागत र ९९ जना होम डेलिभरी भएकोमा यो आवको मिति २०८१।०३।०८ को तथ्याङ्क अनुसार ३४७ जना संस्थागत र ३५ जना गर्भवती घरमा सुत्केरी भएका छन् ।यसबाट हेर्दा गत वर्षभन्दा यो वर्ष संस्थागत सुत्केरीको संख्या बढ्दै गइरहेको छ ।४८८ जनाले दन्त रोगबाट लाभान्वित भएका छन् ।भने ३३१ जनाको पाठेघरको स्क्रिनिङ भइ थप उपचारको व्यवस्था मिलाइएको छ ।

१०. हरेक वडामा टोल विकास समिती गठन भएका छन् ।साथै हरेक वडामा एक मेलमिलाप केन्द्र गठन हुदै गरेका छन् ।

११. सबै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाइएको छ ।

१२. मुटु मृगौला रोग आगलागी बाट पिडित भएका कुनै पनि नागरिकलाई अवस्था हेरी १० हजार देखी २० हजार सम्म राहतको प्रवन्ध गरेका छौं ।जसबाट यो आवमा २४ जना लाभान्वित भएका छन् ।त्यस्तै प्रकोपको कारण घर आगलागी, हावाहुरीले घर तथा गोठ उठाएका र घर पुरिएर जोखिममा परेका नागरिकहरुलाई हालसम्म १०९ जना नागरिकहरु लाभान्वित भएका छन् ।

१३.बालविवाहलाई न्यूनीकरण गर्न राष्ट्रिय स्तरका कलाकारहरु द्धारा सडक नाटक सम्पन्न गरिएको छ ।उक्त कार्यक्रममा हजारौ नागरिकहरुको सक्रिय सहभागिता भइ जनचेतना बढेको महसुस गरेका छौ ।

१४.विभिन्न वडाहरुमा दन्त शिविर पाठेघर खस्ने समस्याको स्क्रिनिङ शिविर लगाएतका लोक कल्याणकारी कार्य गरिएको छ ।

१५.यो आवमा विभिन्न ४ वटा कार्यविधि निर्माण गरी कानून बनाएर मात्र खर्च गर्ने परिपाटीको विकास गरिएको छ ।

१६.चोरी डकैतीलाई नियन्त्रणमा लिनको लागी बहाने बजार क्षेत्रमा पूर्ण रुपमा सिसिटिभी जडान भएको छ ।यसबाट यो आवमा चोरी डकैतिका घटनामा कमी आएको छ ।

१७.नक्ष्ल सुधार कार्यक्रम अन्तरगत किसानको आय आर्जनमा सुधार ल्याउन १३ वटा वोयर वोका वितरण गरिएको छ ।

१८.बहाने बजारको सामुदायिक स्वास्थ्य इकाईमा आफ्नै ल्याव सेवा सुचारु गरिएको छ ।

१९. लघु उधम विकास मार्फत यस वर्ष विभिन्न विधामा ३९ जना उधमीहरुले पुनर्ताजकि तालिम लिएका छन् ।

२०.कर्मचारीहरुको क्षमता विकास मार्फत सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि गर्न तालिम संचालन गरिएको छ ।

२१. बहाने खवाङ स्याउलिवाङ सडक संजालको ट्र्याक खुली छोटो समयमै स्याउलिवाङ पुग्ने अवस्था भएको छ ।

२२. लुङ मावि, मैरामारे विधालय, गोगनपानी तथा एकरातेमा विधालय निर्माणको कार्य सम्पन्न भएको छ ।

२३.प्रकोपको कारणबाट क्षतिग्रस्त संरचनाको तत्काल राहत र उद्धार गर्न समय समयमा राहत तथा उद्धारको कार्य गर्दै आइरहेका छौ ।

यस सभाका सदस्यज्यूहरु,

अब म

स्थानीय सरकारको रुपमा यस गाउपालिकाको गरिमामय सभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८१।०८२ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहान्छु ।

१. पालिका स्तरीय गौरवका आयोजनाको रुपमा रहेका सडकको विकास गरी यस नौबहिनीलाई समृद्धिको आधार तयार गर्नु ।

२. प्रशासकीय भवन तथा अन्य वडा कार्यालयहरु एवं अन्य स्वास्थ्य संस्था तथा विधालयहरुको भौतिक संरचना निर्माणलाई तिव्रता दिनु ।

३. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो एवं जनमुखी बनाई सार्वजनिक सेवा प्रवाहमा सबै खालका नागरिकहरुको सहज एवं सर्वसुलभ सेवाको सुनिश्चिता गर्नु।

४. राजश्व प्रशासनलाई पारदर्शी बनाउदै राजश्व चुहावटलाई न्यूनिकरण गरी आगामी दिनमा पालिकालाई आत्मनिर्भर बनाउनु।

५. कृषिलाई उत्पादनमुखी बनाई स्थानिय कृषकलाई उत्पादन संग आवद्ध गरी परम्परागत खेती प्रणालीलाई विस्थापन गरी किसानहरुलाई व्यवसायिक बनाउनु।

६. प्रकोपजन्य जोखिमहरुको न्यूनिकरण गरी नागरीकहरुको जिउ धनको रक्षा गर्नु।

७. शिक्षालाई प्रविधिमैत्री बनाउदै प्राविधिक क्षेत्रमा कुशल जनशक्ति निर्माण गरी जनसाङ्खिक लाभ हासिल गर्नु ।

८. सुचना प्रविधिलाई नागरिक मैत्री बनाउदै पालिकाका गतिविधिहरु सहज र सरल ढंगले प्राप्प गर्ने अनुभुती दिलाउनु ।

९. विकासमा आम नागरिकको सहभागिता अभिवृद्धि गरी विकासमा अपनत्व वृद्धि गर्नु ।खरको छाना पूर्ण रुपमा विस्थापित गरी नागरिकलाई सुरक्षीत आवासको ग्यारेन्टी गर्नु

१०. नेपाल सरकारले सन् २०३० सम्ममा हासिल गर्ने गरी लिएको दिगो विकासको सपनालाई साकार पार्ने गरी योजना तयार पार्नु ।

११. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आन्तरीक उत्पादन वृद्धि गरी स्वरोजगार बनाउनु ।

यस सभाका सदस्यज्यूहरु,

प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासाथ गरिएको छ ।

- नेपालको संविधान,२०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तराष्टिय जगतमा जनाएका प्रतिबध्दताहरु,
- स्थानीय शासन सञ्चालन संबन्धी कानून, आदेश ,नियमावली, प्रावधानहरु ।
- स्थानीय तहका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगोविकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीविकास, बालमैत्री स्थानीयशासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

समुदाय, टोल, वस्तीस्तरमा भएका छलफल नागरिकस्तर बाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस

**अब म आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा योजना र कार्यक्रम संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

यस आ.व. मा राजश्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट निर्धारण समितिको सिफारिसका आधारमा कुल रु ७० करोड रुपैयाको प्रस्तावित बजेट प्रस्तुत गर्दछु ।

यस आ.व.मा हुन

आयको विवरण यस प्रकार प्रस्तुत गर्दछु ।

१) संघीय सरकारबाट प्राप्त हुने अनुमानित आय

- राजस्व वाडफाड तर्फ  ११ करोड ९४ लाख
- वित्तिय समानीकरण तर्फ १० करोड १८ लाख
- शर्शत अनुदानतर्फ रु २३ करोड ६२ लाख
- विशेष अनुदानतर्फ रु ७५ लाख
- समपुरक अनुदानतर्फ १ करोड

**जम्मा ४७ करोड ४९ लाख**

२) प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित आय

- बित्तिय समानीकरण अनुदानतर्फ रु ६७ लाख ४२ हजार
- राजश्व वाडफाड सवारी साधन कर समेत रु ४४ लाख ९४ हजार ३२६।
- सशर्त अनुदान विभिन्न कार्यक्रम तर्फ ९२ लाख ।
- समपुरक अनुदान ७० लाख

**जम्मा २ करोड ७४ लाख ३६ हजार**

३) गाउँपालिका

गाउँपालिकाको २०८०।०८१ मा अल्या हुने अनुमानित **रु १ करोड ५० लाख**

**आन्तरिक आय अनुमानित रु १ करोड**

जम्मा २ करोड ५० लाख

**४) सामाजिक सुरक्षा भत्ता तर्फ**

१३ करोड ५० लाख

आगामी आवको कुल बजेटको सिमा जम्मा ६६ करोड २३ लाख ३६ हजार रहेको छ ।

यस आ.व.मा हुने व्ययको विवरण यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।

**पूर्वाधार तर्फ**

भौतिक पूर्वाधार तर्फ अनिवार्य दायित्व सिर्जना भएको समपुरक अनुदानबाट खर्चहुने गरी देहायको रकम विनियोजन गरिएकोछ ।

१. बाहाने डामृ मोबा पालिकाबाट विनियोजन गर्नुपर्ने १ करोड

२. बहाने लुङ तुसारा मो.बा. र बल्ले मैरामारे मो.बा. प्रदेश समपूरकतर्फ रु. ७० लाख विनियोजन गरिएको छ।

प्रत्येक वडा कार्यालयलय बाट रु ३० लाखका दरले बस्ती स्तरबाट प्राप्त योजनाहरु तत तत शिर्षकमा खर्च गरिनेछ ।जसको लागी रु २ करोड ४० लाख विनियोजन गरिएको छ।

## आर्थिक विकास तर्फ

**पशु विकास शाखा तर्फ**

पशुपालन बाट किसानहरुलाई आत्मनिर्भर बनाई दुधमा तथा मासुमा नौबहिनी गाउँपालिका आत्मनिर्भर हुन विभिन्न कार्यक्रम तय गरिएको छ ।जसको लागी विभिन्न कार्यक्रमहरुहरु तय गरिएको छ।जसको लागी प्रतिलिटर रु ५ का दरले अनुदान दिने व्यवस्था मिलाएका छौ ।वार्षिक १०० केजी खसी बोका उत्पादन गर्ने कृषकलाई प्रति केजी रु ८० का दरले अनुदान दिने व्यवस्था गरेका छौ । साथै समुहमा हजार केजी खसी बोका उत्पादन गर्ने समुहलाई प्रति केजी रु ५० कार दरले अनुदान दिने व्यव्था मिलाएका छौ ।साथै पशु विकास तर्फ विभिन्न कार्यक्रमका लागी रु ३२ लाख विनियोजन गरिएको छ।

## कृषि विकास शाखा तर्फ

**कृषि बिकास शाखा बाट आर्थिक बर्ष २०८१/८२-२०८३/८४ का लागि कार्यक्रमहरु:**

"एक हातमा अनुदान एक हातमा उत्पादन " भन्ने मुल नाराका साथ हरेक वडामा एक कृषि पकेट क्षेत्रको अवधारणालाई आत्मसाथ गर्दै विभिन्न नगदे, कृषिजन्य तथा फलफुलजन्य वालीहरुको संरक्षण र प्रवद्धन गरिनेछ । जसको लागी रु १० लाख विनियोजन गरिएको छ । साथै आगामी आव बाट कृषि संकलन केन्द्रको अभ्यासलाई पनि अगाडी बढाइनेछ । कृषि क्षेत्रको विकास र प्रवद्धन गर्ने विभिन्न अनुदानका कार्यक्रम तय गरेका छौ ।कृषि विकासका विभिन्न योजनाको लागी रु ५२ लाख विनियोजन गरेका छौ।

**स्वास्थ्य शाखा**

स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च राख्न प्रोत्साहन स्वरुप हाल खाइपाइ आएको रकममा रु ५०० वृद्धि गरेका छौ ।आगामी वर्ष दन्त शिविर पाठेघरको शिविर मार्फत थप स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रमहरुको लागी रु १ करोड १५ लाख विनियोजन गरेका छौ ।

शिक्षा युवा तथा खेलकुद शाखा

शिक्षा गाउँ विकासको मेरुदण्ड हो भन्ने नारालाई आत्मसाथ गर्दै यही शैक्षिक सत्रदेखी शिक्षाको गुणस्तरमा थप अभिवृद्धि गर्न हरेक महिना विद्यार्थिको परीक्षा लिइ निरन्तर मुल्याङ्कन गर्ने परिपाटीको विकास गर्न रु ६ लाख बजेट विनियोजन गरिएको छ ।विषयगत शिक्षक तथा प्रअ लाई नियमित रुपमा तालिमको प्रवन्ध गर्न रु १० लाख विनियोजन गरिएको छ ।अध्यक्ष कप प्रतियोगितालाई रु ८ लाख विनियोजन गरिएको छ ।गाउँपालिका बाट मावि आवि र प्राविमा गरी कुल ६५ जना गापा अनुदानको लागी रु ३ करोड विनियोजन गरिएको छ । समग्र शिक्षाका कार्यक्रमको लागी रु ३ करोड ४० लाख विनियोजन गरिएको छ ।

सामाजिक विकास शाखा

महिला, बालबालिका किशोर किशोरी अपाङ्ग पिछडिएको क्षेत्र तथा सामाजिक रुपमा बन्चितिकरणमा परेका वर्ग समुदायको उत्थान गरिनेछ।सिपमुलक तालिम तथा सचेतना मुलक कार्यक्रमबाट राज्यबाट पछाडि परेका समुदायहरुलाई राज्यको मुल धारमा

ल्याइनेछ ।लोक सेवा आयोग प्रति आकर्षण गर्न किशोर किशोरी कार्यक्रमका लागी रु ३ लाख बजेट बिनियोजन गरेका छौ । रक्तसंचार केन्द्र प्यूठानलाई अनुदान स्वरुप रु १ लाख ५० हजार विनियोजन गरिएको छ ।सामाजिक न्याय र समावेशिकरणको लागी कुल ३३ लाख बजेट विनियोजन गरिएको छ।

पोषण

महिला बालबालिका तथा अन्य लक्षित वर्गहरुको पोषणको कमीबाट कुपोषण हुन नदिन तथा अन्य विभिन्न क्रियाकलाप गर्न रु ५ लाख विनियोजन गरिएको छ ।

लघुउद्यम तर्फ

स्थानिय स्रोत र साथनको उपयोग गरी आय आर्जनको माध्यमबाट स्वरोजगार हुने वातावरण सिर्जना गर्न रु ५ लाख विनियोजन गरिएको छ ।साथै वडा नं ४ मा हाल संचालित पंचेबाजा कार्यक्रमको निरन्तरताको लागी उक्त समुहलाई एक थान बाजा उपलब्ध गराइनेछ । जसको लागी रु १ लाख ५० हजार विनियोजन गरिएको छ ।

## गाउँपालिका तर्फबाट विनियोजन भएका योजनाहरु

- नियमित मोटरबाटो मर्मत संभार रु ४० लाख
- मर्मत संभार कोष रु १० लाख
- प्रकोप व्यवस्थापन कोष रु ४० लाख
- राहत कोष रु १० लाख
- किसानसंग गाउँसरकार कार्यक्रम रु १० लाख
- न्यायिक समिति व्यवस्थापन (इजलाश गठन, मेलमिलाप केन्द्र गठन लगायत) रु १५ लाख
- उपाध्यक्ष कोसेली कार्यक्रम निरन्तरता रु ७ लाख
- पालिकाको डिजिटल प्रोफाइल निर्माण रु २० लाख
- सार्वजनिक स्थानमा डिजिटल बोर्ड निर्माण( सन्देशमुलक चेतना) रु ५ लाख

- सबै वडाको विभिन्न स्थानमा नक्शाङ्कन गर्न बोर्ड निर्माण रु ५ लाख
- आयुर्वेद औषधालय लुङ्ग घेरावार निर्माण रु.२ लाख
- खेलकुद मैदान जग्गा खरिद रु १४ लाख
- सडक वोर्ड म्याचिङ रु ४ लाख
- राष्ट्रपति शैक्षिक सुधार म्याचिङ रु २० लाख

जम्मा रु २ करोड मात्र

पालिका तर्फबाट वडागत बजेट विभिन्न शिर्षकमा वडा नं १ मा ७१ लाख, वडा नं २ मा १५ लाख ५० हजार, वडा नं ३ मा १६ लाख, वडा नं ४ मा ३१ लाख पचास हजार, वडा नं ५ मा १६ लाख ५० हजार र वडा नं ६ मा ५७ लाख ५० हजार, वडा नं ७ मा २१ लाख ५० हजार र वडा नं ८ मा २० लाख ५० हजार विनियोजन गरिएको छ ।यि योजनाहरुको विस्तृत विवरण हाड कपीमा उपलब्ध हुनेछ ।

चालु खर्च तर्फ

पदाधिकारीको सेवा सुविधा, कर्मचारीहरुको तलब तथा भत्ता, स्थानिय भत्ता अन्य भत्ता साथै विविध कार्यालय खर्च समेत गरी चालु खर्च तर्फको लागि १० करोड विनियोजन गरी अनुसुची ३ को फाराम भरी पेश गर्दछु ।

आदरणीय अध्यक्ष महोदय,

प्रस्तुत बजेट तथा योजना र कार्यक्रम तयार गर्न अहोरात्र खटि सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, समितिका सदस्यज्यूहरु, वडा अध्यक्ष एवं सदस्यज्यूहरु तथा अन्य कर्मचारी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेट तथा योजना र कार्यक्रम लागु भई नौबहिनी गाउँपालिकाको उन्नति हुने अपेक्षा गरेको छु ।

"सभ्य, समृद्ध र सुखी नौबहिनी"

धन्यवाद ।

विष्णा थापा
उपाध्यक्ष

पालिकाबाट वडागत रुपमा थप भएका योजनाहरुमा देहायको रकम विनियोजन गरिएको छ ।

| | |
|---|---|
| वडा नं १ | रु ७१ लाख वडा कार्यालय समेत |
| वडा नं २ | रु १५ लाख ५० हजार |
| वडा नं ३ | रु१६ लाख |
| वडा नं ४ | रु ३१ लाख पचास हजार वडा |
| कार्यालय मर्मत समेत | |
| वडा नं ५ | रु १६ लाख पचास हजार |
| वडा नं ६ | रु ५७ लाख पचास हजार |
| वडा नं ७ | रु २१ लाख पचास हजार |
| वडा नं ८ | रु २० लाख पचास हजार |

## वडा नं १ मा थप भएका योजनाहरु

- वडा कार्यालय भवन निर्माण वडा नं १ — रु ६० लाख
- खर्क मन्दि निर्माण — रु १ लाख
- मजुवा खोला ट्याङ्की निर्माण — रु १ लाख ५० हजार
- पधेरा खोला जल विधुत निर्माण — रु २ लाख ५० हजार
- उवाङ पुल मर्मत — रु ५० हजार
- दह खानेपानी मर्मत — रु १ लाख ५० हजार
- खारखोला दह खानेपानी मर्मत — रु १ लाख
- सरिप्रकाश आवि खेल मैदान — रु २ लाख
- तल्लो भुम्जा वाङ्गचौरु सिजवाङ्ग खानेपानी — रु १ लाख

जम्मा रु ७१ लाख

## वडा नं २ मा थप भएका योजनाहरु

- पिनारा डाडाकटेरी भुमेधारा सडक स्तर उन्नती रु ५ लाख
- लछुखर्रे भेडागोठ बेवाङ्ग सिंचाइ रु १ लाख
- इरी सिलिखन अधुरो खानेपानी रु २ लाख
- खुरकु डाडा कुर्तिवाङ खानेपानी रु २ लाख
- खाली वोट तलथर खानेपानी मर्मत रु १ लाख
- गोमले पानी धरम पोखरी अधरो बाटो रु २ लाख
- डाडा कटेरी नौधारे पर्यटन क्षेत्र अधुरो मोबा रु २ लाख ५० हजार

जम्मा रु १५ लाख ५० हजार

**वडा नं ३ मा थप भएका योजनाहरु**

- मुलघाट ढाँवाङ्ग मोबा रु ३ लाख
- ढावाङ खापा रु १ लाख
- बझुपुङ्ने रुमवाङ मोबा रु ३ लाख
- ठुला बनदेखी बराह थान सम्म मोबा रु १ लाख
- एरावाङ देखी तल्लो एरावाङ जाने गोरेटो बाटो रु १ला
- काफल बगर सिंचाइ पाइप रु १ लाख

भकलुङ्ग देखी तल्लो भक्लुङ्ग खापा रु १ लाख

धमचेखोला लिमवाङ खापा योजना रु २ लाख

कुनधारा ढाकलाङ्ग मोबा रु ३ लाख

जम्मा १६ लाख

**वडा नं ४ मा थप भएका योजनाहरु**

- झुदिखोला वालिपुक तल्लो सिंचाइ रु २ लाख
- दुर्गा मावी ट्याङकी निर्माण रु १ लाख ५० हजार
- रुन्जा खोला एकराते बराहथान मोबा रु ९ लाख
- नववन रुझिम मोबा रु १ लाख
- सुत्लावाङ सडक मोड सुधार रु १ लाख ५० हजार
- कानघरे चोखिनीपाटा खापा रु १ लाख
- ठुला सिम साना सिम डाडाकटेरी मोबा रु १ लाख ५० हजार

- मौवा खोला खोर खेत सिंचाइ योजना रु १ लाख
- साङराङ मोसरा खापा आर विटि रु १ लाख
- ४ नं वडा कार्यालय भवन थप निर्माण रु १२ लाख
- 

जम्मा ३१ लाख ५० हजार

## वडा नं ५ मा थप भएका योजनारु

- चिसापानी गाइवाङ मोबा रु ६ लाख
- नाङ्गे मोबा रु २ लाख
- काडे टोलको भल कटानगरी रक्तचन्दन खोलामा व्यवस्थापन रु १ लाख
- भेडिखोर मोबा रु १ लाख ५० हजार
- उपल्लो बसाइ मोबा रु १ लाख ५० हजार
- बाडुम खापा मर्मत रु १ लाख
- बागम पानी खापा मर्मत रु १ लाख
- उदरडाडा खेल मैदान रु २ लाख ५० हजार

जम्मा रु १६ लाख ५० हजार

## वडा नं ६ मा थप भएका योजनाहरु

- ६ नं वडा कार्यालय भवन थप निर्माण रु १२ लाख
- हरेला बसेरी मोबा रु ३ लाख
- बहाने बजार नाली व्यवस्थापन रु ४ लाख
- दिपु साहुको घर देखी पदमको घरसम्म बाटो नाली रु २ लाख ५०हजार
- सिरवारी देखी पिपलटारी सम्मको कुलो मर्मत रु १ लाख
- पुर्णगाउ भुमेथान घेरावार रु २ लाख
- झुलिचौर पोखरी निर्माण रु १ लाख
- मनवाङ टंकी निर्माण रु १ लाख
- धारापानी चौर फिल्ड निर्माण र जाली रु ३ लाख
- भिरपानी टंकी निर्माण रु १ लाख

- झाक्रिपानी खापा निर्माण रु १ लाख
- धाइरे पिपलटारी ठाडो बाटो निर्माण रु ३ लाख
- लामाचौर कुलो निर्माण पिपलटारी रु १ लाख ५० हजार
- खमेरी चौर कुलो मर्मत रु १ लाख ५० हजार
- पिपलटारी छ्रम सिरवारी मोबा मर्मत रु ४ लाख
- अधेरी टारी सिंचाइ कुलो मर्मत रु १ लाख ५० हजार
- किमिचौर टंकी निर्माण रु १ लाख ५० हजार
- सिउरीकाटे पिकनिक स्थल रु २ लाख
- ठाडढुङ्गा पक्की कुलो निर्माण रु १ लाख ५० हजार
- बहाने बजार भक्त थापाको घर देखी मन्दिर सम्म पक्की बाटो रु ३ लाख
- बहाने लुङखोला पुलमाथी ढलान रु ६ लाख ५० हजार

जम्मा रु ५८ लाख ५० हजार

## वडा नं ७ मा थप भएका योजनाहरु

- बास्कोट गैरा पाटा बैसारुख देखी दलित बस्ती सम्म मोबा रु १ लाख ५० हजार
- खाम्रीबास मोबा रु ४ लाख
- अमिले मोबा रु ४ लाख
- स्याउले खिरबाङ्ने रोल्पा सडक रु ६ लाख
- पातचौर पोखरा मोबा रु ४ लाख
- टारिकुलो निर्माण रु १ लाख
- रुखा चौर सिंचाइ योजना रु १ लाख

जम्मा रु २१ लाख ५० हजार

## वडा नं ८ मा थप भएका योजनाहरु

- तोरिवाङ ढल निकास रु १ लाख
- कुरीखोला सिंचाइ मर्मत रु १ लाख

- पुरीखोला पुरेसी आटटारी सिंचाइ रु १ लाख
- डाडाथोक तार जाली रु १ लाख
  ५० हजार
- सिमखोला पालकटेरी खपा मर्मत रु १ लाख
- काउले खापा मर्मत रु १ लाख
- गाटिना मोबा रु ३ लाख
- लम्पुक सिंचाइ रु १ लाख
- मौवारुख झुलेनी मोबा रु ५ लाख
- छहरा खोला खापा मर्मत रु १ लाख
- लुप्लुङ गौमुखी क्षेत्रमा स्नान घर रु ३ लाख
- सामुदायिक इकाइ पछाडि तार जाली रु १ लाख

जम्मा २० लाख ५०
हजार

## जम्मा ४ करोड ४३ लाख

## चालु खर्च तर्फ

पदाधिकारीको सेवा सुविधा, कर्मचारीहरुको तलब तथा भत्ता, स्थानिय भत्ता अन्य भत्ता साथै विविध कार्यालय खर्च समेत गरी चालु खर्च तर्फको लागि १० करोड विनियोजन गरी अनुसुची ३ को फाराम भरी पेश गर्दछु ।

आदरणीय अध्यक्ष महोदय,

प्रस्तुत बजेट तथा योजना र कार्यक्रम तयार गर्न अहोरात्र खटि सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, समितिका सदस्यज्यूहरु, वडा अध्यक्ष एवं सदस्यज्यूहरु तथा अन्य कर्मचारी साथीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत बजेट तथा योजना र कार्यक्रम लागु भई नौबहिनी गाउँपालिकाको उन्नति हुने अपेक्षा गरेको छु ।

"सभ्य, समृद्ध र सुखी नौबहिनी"

धन्यवाद ।

विष्णा थापा

उपाध्यक्ष